# मेलाम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५५।७।२३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "मेलाम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : वियष वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको मेलाम्ची खानेपानी विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष र समितिको सदस्य-सचिवलाइ समेत जनाउंछ ।

(घ) "परियोजना" भन्नाले मेलाम्ची खानेपानी परियोजना सम्झनु पर्छ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **मेलाम्ची खानेपानी विकास समितिको गठन** : (१) परियोजना सम्बन्धी कामको लागि मेलाम्ची खानेपानी विकास समिति नामको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | -अध्यक्ष |
| (ख) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी), अर्थ मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी), जलस्रोत मन्त्रालय | -सदस्य |
| (घ) | प्रमुख, काठमाडौं महानगरपालिका | -सदस्य |
| (ङ) | कार्यकारी निर्देशक | -सदस्य-सचिव |

(३) समितिले आवश्यक देखेका कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाइ समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) काठमाडौं उपत्यकामा सार्वजनिक, घरेलु औद्योगिक, वातावरणीय वा अन्य उपयोगका लागि खानेपानी उपलव्ध गराउन परियोजना कार्यान्वयन गर्ने ।

(ख) परियोजनाका सम्बन्धमा नीति निर्माण गर्ने ।

(ग) परियोजना सम्बन्धी कामको लगत इष्टिमेट स्वीकृत गर्ने ।

(घ) परियोजना कार्यान्वयन गर्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा वोलपत्र आव्हान गर्ने तथा प्राप्त वोलपत्र तोकिए बमोजिमको प्रक्रिया पुरा गरी स्वीकृत गर्ने ।

(ङ) परियोजनाको काम कारवाही ठीकसंग भए नभएको निरीक्षण गर्ने तथा निरीक्षण गर्दा कुनै सुधार गर्न आवश्यक देखिएमा सो गर्न सम्बन्धित व्यक्तिलाइ निर्देशन दिने ।

(च) समितिलाइ आवश्यक गर्ने कन्सल्टेन्ट र कर्मचारीहरु नियुक्त गर्ने ।

(छ) समितिको वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने ।

(ज) समितिको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।

(झ) तोकिए बमोजिम अन्य काम गर्ने ।

५. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचना बैठक वस्नु भन्दा कम्तीमा सात दिन अगावै सदस्यहरुलाइ दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची समेत उपलव्ध गराउनु पर्नेछ ।

(४) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफु मध्यबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(५) समिति कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ । मत वरावर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशकको नियुक्ति**: (१) नेपाल सरकारले समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नका एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदमा नियुक्ति हुनको लागि नेपाल सरकारको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा रही खानेपानी सम्बन्धी कुनै परियोजनामा अनुभव हासिल गरेको व्यक्ति हुनु पर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि ३ वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजको पदावधि पुनः वढीमा एक अवधिको लागि थप गर्न सक्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले समितिको हित विपरित हुने कुनै काम कारवाही गरेमा वा गर्नु पर्ने काम नगरेमा नेपाल सरकारले निजलाइ पदावधि पुरा नहुँदै कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनु अघि कार्यकारी निनर्देशकलाइ आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिका निर्णयहरु कार्यान्वयन गराउने ।

(ख) समितिको वार्षिक कार्यक्रम तथा वजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(ग) समितिको दैनिक कार्यको व्यवस्थापन, सुपरीवेक्षण अनुगमन तथा निरीक्षण गर्ने ।

(घ) परियोजनाको प्रमुख भइ काम गर्ने ।

(ङ) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुसंग समन्वयकर्ता रुपमा काम गर्ने र समस्याहरुको समाधान गर्न आवश्यक सहयोग गर्ने ।

(च) तोकिए बमोजिम अन्य कामहरु गर्ने, गराउने ।

८. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिको कार्य संचालनको लागि समितिमा आवश्यक कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम रहने कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त, सुविधा र काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

९. **समितिको कोष** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार वा अर्न्तराष्ट्रिय संघ संस्थाबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम ।

(ग) स्वदेशी व्यक्ति वा संघ संस्था आदिबाट प्राप्त रकम ।

(घ) समितिले आफ्नो सेवाबाट आर्जन गरेको रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम समितिलाइ प्राप्त हुने रकमहरु नेपालको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाता तथा कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

१०. **लेखा परीक्षण** : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जांच्न वा जचाँउन सक्नेछ ।

११. **अधिकार प्रत्यायोजन** : (१) समितिले आफुलाइ प्राप्त भएको अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष तथा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **बैठक भत्ता** : समितिका सदस्यहरुले बैठकमा भाग लिए वापत नेपाल सरकारले तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

१३. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा भौतिक योजना तथा निर्माण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. **समितिको कार्यालय** : समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

१५. **नियम वनाउने अधिकार** : यस आदेशको उद्देश्य प्राप्तिको लागि समितिले आवश्यक नियमहरु वनाउन सक्नेछ र यस्ता नियमहरु नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।